# प्रेस विज्ञप्ति

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको प्रति शेयर अंकित मुल्य रु.१००।- दरको ९०,००,००० कित्ता (सामूहिक लगानी कोषहरुको लागि ५ प्रतिशतले हुन आउने ४,५०,००० कित्ता र कम्पनीका कर्मचारीहरुको लागि ४ प्रतिशतले हुन आउने ३,६०,००० कित्ता शेयर सहित) शेयर मध्ये ८१,९०,००० कित्ता शेयर सर्वसाधारणमा मिति २०७८।०६।२० गतेदेखि मिति २०७८।०६।२५ गतेसम्म सार्वजनिक निष्काशन मार्फत् बिक्री खुल्ला गरिएकोमा आवश्यक भन्दा ४.१७ गुणा बढी शेयरका लागि आवेदन प्राप्त भएको थियो। उक्त ८१,९०,००० कित्ता शेयरको बाँडफाँटको लागि आज मिति २०७८।०७।१२ गते शुक्रबारका दिन विहान ९:०० बजे धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लि.को केन्द्रीय कार्यालय लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौंमा लगानीकर्ता, सञ्चार माध्यमका प्रतिनिधि एवं सरोकारवाला निकायका प्रतिनिधिहरुको उपस्थितिमा बाँडफाँट गर्ने कार्य सम्पन्न भएको छ।

कम्पनीको ८१,९०,००० कित्ता शेयरको लागि जम्मा २३,९०,२१८ जना आवेदकहरु (९५,७२२ आवेदकहरुको आवेदन रद्ध गरिएको) बाट ३,४१,८३,२९० कित्ता शेयरको दरखास्त प्राप्त भएकोमा आवश्यक प्रशोधन पश्चात् २२,९४,४९६ जना आवेदकहरुबाट प्राप्त भएको ३,१९,४१,७९० कित्ता शेयर बाँडफाँटको लागि योग्य रहेको देखिएकोले १० कित्तादेखि १०,००० कित्तासम्म आवेदन दिनु हुने ८,१९,००० जना आवेदकलाई गोलाप्रथा विधि मार्फत १० कित्ता शेयरका दरले शेयर बाँडफाँट गरिएको छ । आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाहरुको लागि ६०,००,००० कित्ता शेयर (आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुको लागि १८ लाख तथा जिल्लाका अन्य क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुको लागि ४२ लाख कित्ता), कर्मचारी सञ्चयकोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता कर्मचारीहरुका लागि १,१७,००,०००, संस्थापक शेयरधनी संस्था (चिलिमे जलविद्युत कम्पनी लि., नेपाल विद्युत प्राधिकरण, सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि., सिन्धु इन्भेष्टमेन्ट प्रा.लि., नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि. तथा सिन्धु भोटेकोशी हाइड्रोपावर लि.) का कर्मचारीहरुका लागि २१,००,००० र ऋणदाता संस्था (कर्मचारी सञ्चय कोष) का कर्मचारीहरुका लागि ६,००,००० कित्ता, सामूहिक लगानी कोषहरुको लागि संरक्षित गरिएको ४,५०,००० कित्ता तथा निष्काशनकर्ता कम्पनीका कर्मचारीहरुको लागि छुट्टाइएको ३,६०,००० कित्ता शेयर यस अधि नै बाँडफाँट गरिसकिएको छ।

नेपालको धितोपत्र बजारमा ४ दिनको छोटो समयावधिभित्रै आवश्यकभन्दा बढी संख्यामा शेयरको माग गरी उल्लेख्य सहभागिता जनाउनुहुने सम्पुर्ण लगानीकर्ता, विभिन्न क्षेत्रबाट सहयोग तथा सद्भाव प्रदान गरी शेयर निष्कासन कार्यलाई ऐतिहासिक रुपमा सफल बनाउनुहुने सम्पूर्ण शुभेच्छुक, आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियामक निकायहरु, सञ्चारकर्मी लगायत सरोकारवाला सबै पक्षलाई निष्काशन तथा बिक्री प्रबन्धक, सह-निष्काशन तथा बिक्री प्रबन्धकहरु र निष्काशनकर्ता कम्पनीका तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरुको यस्तै सहयोग र सद्भाव रहिरहने अपेक्षा सहित सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

...............................
राम गोपाल शिवाकोटी
प्रमुख कार्यकारी अधिकृत
मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.

...............................
पारस मणी ढकाल
प्रमुख कार्यकारी अधिकृत
ग्लोबल आइएमई क्यापीटल लि.

Scanned with CamScanner

.........................
भिष्म राज चालिसे
प्रमुख कार्यकारी अधिकृत
सानिमा क्यापिटल लि.

.........................
मेख बहादुर थापा
ना. प्रमुख कार्यकारी अधिकृत
एनआइबिएल एस क्यापिटल लि.

.........................
झनक राज ढुंगेल
प्रमुख कार्यकारी अधिकृत
सिभिल क्यापिटल मार्केट लि.

.........................
अतिस श्रेष्ठ
प्रमुख संचालन अधिकृत
लक्ष्मी क्यापिटल मार्केट लि.

.........................
उज्वल चन्द
ना.प्रमुख कार्यकारी अधिकृत
सि.वि.आई.एल. क्यापिटल लि.

.........................
बिनोद थकाली
प्रमुख कार्यकारी अधिकृत
प्रभु क्यापिटललिमिटेड

**मितिः २०७८।०७।१२ गते शुक्रबार बिहान ९:०० बजे।**

Scanned with CamScanner